## खाँदबारी नगरपालिकाको अठारौँ नगरसभामा नगरप्रमुख श्री महेश थपलियाज्यूले पेस गर्नु भएको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम मिति २०८२ असार १० गते

**नगर उपप्रमुखज्यू,**

**खाँदबारी नगरपालिकाको १८औं नगरसभामा उपस्थित हुनुभएका नगरसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

**यहाँ उपस्थित हुनुहुने तथा विभिन्न सञ्चारमाध्यमबाट प्रत्यक्ष प्रशारणमा जोडिनु भएका आदरणीय नगरबासी आमाबुवा, दिदीबहिनी, दाजुभाइहरू,**

**प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु,**

**सम्पूर्ण सञ्चारकर्मी मित्रहरू,**

**सम्पूर्ण सुरक्षाकर्मीहरु,**

आगामी आ.व.२०८२/८३ का लागि यस खाँदबारी नगरपालिकाको नीति तथा कार्यक्रम नगरप्रमुखको हैसियतले यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गर्दै यहाँ उपस्थित सबैप्रति हार्दिक स्वागत गर्दछु ।

लोकतान्त्रका लागि भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान् शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै खाँदबारी नगरपालिकाको प्रथम जननिर्वाचित नगरप्रमुख स्व. किरण शाक्य लगायत जनप्रतिनिधिको रुपमा निर्वाचित भई हालसम्म दिवङ्गत हुनुभएका सम्पूर्ण ब्यक्तित्वहरुलाई यस महत्वपूर्ण घडिमा स्मरण गर्दै उहाँहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधानको धारा ५९ र धारा ६० बमोजिम प्राप्त अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ४ को दफा १९ अनुसार यस सम्मानीत नगरसभामा प्रस्तुत गर्नका लागि नीति तथा कार्यक्रम तयार गरिएको व्यहोरा सबैमा जानकारी गराउन चाहन्छु ।

खाँदबारी नगरपालिकालाई सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा नगरपालिकाको आन्तरिक आयलाई दृष्टिगत गर्दा गत आ. व. को दायित्व भुक्तानी गर्नुपर्ने भएको हुँदा लक्ष्य अनुसार बजेट विनियोजन गर्न सकिएन । विभिन्न सरकारहरुबाट प्राप्त हुँने बजेट सिलिङ्ग समेत कटौती भएर आएको कुरा यहाँहरु सबै नगरबासी दाजुभाई तथा दिदीबहिनीहरुले बुझ्नुभएकै छ । बजेटको सिमालाई मध्यनजर गरी छरितो र कार्यान्वयन योग्य नीति तथा कार्यक्रमहरु तयार गरेका छौं ।

- कृषि क्षेत्र र कृषि सहकारी क्षेत्रको विकासका लागि कृषिसँग सम्बन्धित सम्पूर्ण तथ्याङ्क सङ्कलन तथा क्रमशः अद्यावधिक गरी अवस्थाको यकिन गर्नुका साथै सम्पूर्ण सहकारीलाई COPOMIS मा आवद्ध गर्दै गरिनेछ ।
- बाली उत्पादनको लागि विशिष्टिकृत क्षेत्र निर्धारण गरी सुन्तला, कागती लगायतका नगदे बालीहरुको पकेटक्षेत्र/जोनको रुपमा विकास गरी पकेटक्षेत्र/जोन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- रैथाने बालीको पहिचान गरी संरक्षण र बाली उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- कृषक वर्गीकरण गरी कृषक परिचयपत्र उपलब्ध गराउन आवश्यक ऐन नियमहरुको तर्जुमा गरिनेछ ।
- कृषिको व्यवसायिक खेतीमा महिला, एकल महिला, दलित, एवम् अति विपन्न वर्गको आवद्धतामा बृद्धि गरी गरिबी निवारणमा जोड दिइनेछ ।
- नगरपालिकाक्षेत्रभित्र कफी, ड्रागन, मेकाडेनिया, लहरेआँप, एभोकार्डोजस्ता खेतीलाई प्रबर्द्धन गर्न आवश्यक प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरपालिकाक्षेत्रभित्रका निजी तथा साझेदारीमा सञ्चालन भएका कृषि फर्महरु तथा उत्कृष्ट कृषक पहिचान गरी सम्मान गरिनेछ ।
- रैथाने बालीबाट उत्पादित उत्पादनलाई ब्राण्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बजारीकरण गरिनेछ ।
- उखुखेती विस्तारमा जोड दिंदै उखु पेल्ने आधुनिक उपकरणहरुको उपलब्धतालाई सहजीकरण गरिनेछ ।
- खाँदबारी नगरपालिकाक्षेत्रभित्र कार्यक्षेत्र रहेका सहकारीहरुको नियमित रुपमा अनुगमन नियमन गर्ने संयन्त्रको व्यवस्था मिलाईनेछ ।
- सहकारी सँस्थाहरु, टोल विकास सँस्था र खाँदबारी उद्योग वाणिज्य सङ्घ तथा नेपाल चेम्बर अफ कमर्श लगायतका अन्य निजी सङ्घसंस्थाहरुसँगको सहकार्य र साझेदारीमा सहकारी विकास बैंक स्थापना र सञ्चालनको कार्यलाई अगाडि बढाईनेछ ।
- कृषि सहकारी संस्थाहरु स्थापना तथा सञ्चालन गर्ने कार्यलाई उत्प्रेरित गर्दै नगरपालिकाभित्र उत्पादन हुने कृषि उपजहरुको लागि बजार सुनिश्चित हुने वातावरण तयार गरिनेछ ।
- खाँदबारी नगरपालिका-३ मानेभञ्ज्याङ्गमा अत्याधुनिक कोल्डस्टोर सम्पन्न गरिनेछ ।

(२) उद्योग तथा वाणिज्य

- नगरपालिकाका निजी क्षेत्र र सहकारी क्षेत्रको सहकार्यमा स्थानीय कच्चापदार्थमा आधारित लघु तथा घरेलु उद्योगको संरक्षण र विकास गरिनेछ ।
- सङ्घ तथा प्रदेश सरकारको सहयोगमा खाँदबारी नगरपालिकाभित्र औद्योगिकग्राम स्थापना गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

- संघीय सरकारसँग उचित समन्वय गरी खाँदबारी नगरपालिकाभित्र सुख्खा बन्दरगाह निर्माणको लागि पहल थालिनेछ ।
- संघीय सरकारबाट हस्तान्तरण भई आएको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई नगरपालिकाको समेत सहकार्य र साझेदारीमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- नगरक्षेत्रभित्र सञ्चालनमा रहेका घरेलु तथा साना उद्योगहरुलाई प्रोत्साहन गर्न सङ्घ र प्रदेश सरकार मार्फत हुने कार्यक्रमहरुमा सहजीकरण गरिनेछ ।
- कालोबजारी न्यूनीकरण गर्न बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ ।
- उद्योग वाणिज्य क्षेत्रका नीति नियमहरु बनाउन तथा लागू गर्न उद्योग वाणिज्य सङ्घ तथा नेपाल चेम्बर अफ कमर्शसँग सहकार्य गरिनेछ ।

(३) पर्यटन

- तुम्लिङटार विमानस्थल परिसरमा स्थापना भएको सूचना केन्द्रलाई नगरक्षेत्रभित्रका धार्मिक, पर्यटकीय तथा अन्य महत्वपूर्णस्थलहरुको विवरण समेत खुल्ने गरी थप स्रोत साधनयुक्त बनाईनेछ ।
- खाँदबारी नगरपालिकाक्षेत्रभित्र रहेको पार्क, धार्मिकस्थलहरु तथा बाल उद्यानहरुको विकास तथा संरक्षणमा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- चिचिला गाउँपालिकाको गोगने र खा न पा ५ को रमितेसम्मको सडकको विकास गरी रमितेलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- यस खाँदबारी नगरपालिका प्रवेश बिन्दुहरु तुम्लिङटार, बडरेनी, राम्चेबेंसी, छयाङ्कुटी, हेलुवाबेंसी, सतीघाट र चेवाबेंसी जस्ता स्थानमा ट्रस र जस्ताको प्रयोग गरी मितव्ययी तवरले स्वागतद्वार निर्माण गरिनेछ ।
- ढोलबाजे जंगलमा पर्यटकीय पार्क निर्माण कार्यको थालनी गरिनेछ भने खाँदबारी बजारको पोखरीपार्क संरक्षण तथा सौन्दर्यीकरणलाई निरन्तता दिइनेछ ।
- नगरपालिकाक्षेत्रभित्र सामुदायिक वन उपभोक्ता महासङ्घ खाँदबारी नगर समितिसँग समन्वय गरी सडकसँगको नजिकको पहुँचमा रहेको सामुदायिक वन क्षेत्रभित्र बहुआयामिक पर्यापर्यटनका लागि संरचना निर्माण गर्ने कार्यको थालनी गरिनेछ।
- खाँदबारी नगरपालिका क्षेत्रमा फुटसल, Swimming Poolआदि निर्माण र सञ्चालन गर्न चाहने व्यक्ति तथा सङ्घसंस्थाहरुलाई आवश्यक सहयोग गरिनेछ ।
- नगरपालिकाक्षेत्रभित्र सञ्चालित होमस्टेहरुलाई अझ व्यवस्थित बनाउँदै थप होमस्टे सञ्चालन तथा व्यवस्थापनमा स्थानीय समुदायलाई परिचालन गरिनेछ ।
- धार्मिक पर्यटनका लागि धार्मिक क्षेत्रहरुमा गुरुयोजना बनाई विकास गरिनेछ ।

(७) भूमि व्यवस्था

- ❖ खाँदबारी नगरपालिका वडा नं. ९ मुन्सीखोलादेखि छङ्याकुटीसम्मको लगतकट्टा गर्ने काम चालू आ. व. मा पनि निरन्तरता दिईनेछ ।
- ❖ खाँदबारी नगरपालिकाक्षेत्रभित्र रहेका ऐलानी, पर्ति र सार्वजनिक जमिनको खोजी गरी त्यस्ता जमिनको लगत तयार पार्ने, रेखाङ्कन गर्ने र संरक्षण गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
- ❖ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहन गर्दै कृषियोग्य जमीनको अधिकतम उपयोग गर्ने नीति लिईनेछ ।
- ❖ सार्वजनिक जग्गाहरुलाई हरियाली बढाउने सामुदायिक वन समूहहरु र स्थानीय क्लवहरुसँग सहकार्य गरिनेछ ।

(ख) सामाजिक विकास

**"सामाजिक एकता खाँदबारीको आवश्यकता"** भन्ने नारालाई व्यवहारमा लागू गरी सामाजिक विकासको क्षेत्रमा देहायबमोजिमका नीतिहरु अलम्बन गरिनेछ । यसका लागि तल उल्लिखित नीतिहरुलाई पुरा गर्न कार्यक्रमतर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।

(१) शिक्षा

- ❖ सामुदायिक विद्यालयहरुको शैक्षिक क्रियाकलाप, भौतिक अवस्था, आर्थिक पारदर्शिता, जनशक्ति व्यवस्थापन, सिकाइ उपलब्धि लगायतका शैक्षिक क्रियाकलापको प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ ।
- ❖ मुलुकमा नै प्रतिष्ठा राखेको योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको लागि जग्गा प्राप्तिको लगायतका अन्य कार्यमा समन्वय र सहजिकरण गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयहरुलाई दिइदै आएको सञ्चालन अनुदान अपुग देखिएकोले आगामी दिनहरुमा थप अनुदान दिने नीति ल्याईनेछ ।
- ❖ विपन्न, दलित एवं सिमान्तकृत समुदायका दलित बालबालीकाहरुलाई विद्यालय पोशाक, शैक्षिक सामाग्री र झोला उपलब्ध गराउने नीति लिइनेछ ।
- ❖ निजी विद्यालयहरुको गुणस्तर, भौतिक व्यवस्थापन, शुल्क, पाठ्यपुस्तक लगायतको शैक्षिक गतिविधिलाई अनुगमन तथा नियमन गर्ने परिपाटीको विकास गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयहरु सञ्चालनका लागि सार्वजनिक निजी साझेदारीमा अभिबृद्धि गर्दै अभिभावकको सहयोगको संलग्नता बढाउने नीति लिइनेछ ।
- ❖ यस नगरपालिकाको कुनै एक विद्यालयलाई प्रविधिमैत्रि बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- ❖ विद्यालय तहमा नै बालबालिकाले गर्ने आत्महत्या न्यूनीकरण गर्न जनचेतनामूलक सकारात्मक सोचाइ जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

- शिक्षकहरुलाई तालिम, अन्तरक्रिया एवम् अनुभव आदनप्रदानमा सहभागी गराई पेशागत दक्षतामा अभिवृद्धि ल्याउदै शिक्षण पद्दतिलाई प्रभावकारी बनाईनेछ ।
- संस्कारी नागरिक निर्माण अभियान सञ्चालनको लागि सामुदायिक विद्यालय अन्तर्गत विभिन्न कक्षाहरुको स्थानीय पाठ्यक्रममा यस सम्बन्धी विषयहरु समावेश गरिनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर सुधार तथा शिक्षा सम्बन्धी अन्य क्षेत्रको समुचित विकास गर्नको लागि सरोकारवालाहरुको सहभागितामा नगरशिक्षा योजनालाई समायानुकूल परिमार्जन गर्दै नगरपालिकाभित्रका विद्यालयहरुलाई रोजागारमुखी र प्राविधिक शिक्षा अध्ययन अध्यापन गराउनेतर्फ उन्मुख गराईनेछ ।
- नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुलाई कक्षा ९ देखि प्राविधिक विषय अध्ययन अध्यापन गराउन प्रोत्साहन गरिनेछ । प्राविधिक विषयमा अध्ययन अध्यापन गराउन चाहने सामुदायिक विद्यालयहरुलाई सहयोग गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई अंग्रेजी माध्यमबाट अध्ययन अध्यापनका गराउन उत्प्रेरित गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई कार्य सम्पादनमा उत्कृष्ट देखिएका विद्यालय तथा शिक्षकहरुलाई प्रोत्साहित गरिनेछ ।
- सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण भएका जेहन्दार विद्यार्थीका लागि छात्रबृत्ति प्रदान गर्न **"नगरप्रमुख छात्रवृत्ति कोष"** स्थापना गरिनेछ ।
- खाँदबारी नगरपालिकाक्षेत्रभित्र रहेका उच्च शिक्षा अध्ययन अध्यापन गराउने शैक्षिक संस्थाहरुलाई उचित अनुदान तथा सहयोगको व्यवस्था गरिनेछ । त्यस्ता संस्थाहरुसँग छात्रबृत्तीका लागि पहल गरिनेछ ।
- नगरक्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई सूचक बनाई नमूना विद्यालयको रुपमा विकास गर्न चरणबद्ध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- निजी विद्यालय र सामुदायिक विद्यालयका बीचमा सहकार्यका क्षेत्र पहिल्याई साझेदारीमा “निजी तथा सामुदायिक विद्यालय शिक्षा साझेदारी” कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वडाहरुमा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी त्यस्ता केन्द्रहरु मार्फत साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरी सबै उमेर समूहका नागरिकलाई साक्षर बनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- विभिन्न दातृ सङ्घसंस्था एवं निकायहरुसँग समन्वय र सहकार्य गरी पुस्तकालय स्थापना र सञ्चालनको व्यवस्था मिलाईनेछ ।

(२) स्वास्थ्य

(३) खानेपानी तथा सरसफाई

❖ हिमालय माध्यमिक विद्यालयको जग्गामा एक लाख लिटरको ट्याङ्कि निर्माण गरी खानेपानी वितरण गरिनेछ।
❖ खाँदवारी बजार लगायत नगर क्षेत्रमा निरन्तर स्वच्छ खानेपानीको व्यवस्था गर्न माङ्सिमा खानेपानीको पुनःनिर्माणलाई सम्पन्न गरी खानेपानी सूचारु गरिनेछ।
❖ खाँदबारी बजार क्षेत्रलाई खानेपानीको समस्याबाट मुक्त गर्न प्रभाबकारीनीति कार्यक्रम तथा योजनाहरु ल्याइनेछ। यसका लागि नागरिक हातेमालो अभियान शुरु गरिनेछ।
❖ खाँदबारी नगपालिकालाई प्लाष्टिकमुक्त नगरको रुपमा विकास गर्न गुरुयोजना तयार गरी लागू गरिनेछ।
❖ खाँदबारी नगरक्षेत्रभित्रमा रहेका खानेपानी संस्था एवं समितिहरुलाई थप प्रभावकारी बनाउन एकद्वार नीति लागू गरिनेछ।
❖ नगरपालिकाका हरेक घरधुरीलाई आगामी तीन बर्षभित्रमा खानेपानी धारा उपलब्ध गराउन **"एक घर एक धारा"** योजना ल्याईनेछ। यसका लागि खानेपानी उपभोक्ता समितिहरुसँग समन्वय गरी खानेपानी संस्थाहरुको व्यवस्थापनमा व्यापक सुधार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ।
❖ सङ्घ तथा प्रदेश सरकारको सहयोगमा अरुण लगायतका अन्य नदी खोलाहरुबाट लिफ्टिङ प्रणालीबाट खानेपानी योजना सञ्चालन गरिनेछ।
❖ परम्परागत पानीका मूल तथा स्रोतहरुको संरक्षण गर्न त्यस्ता क्षेत्रमा जग्गा उत्खनन् गर्न नदिने विधि बनाईनेछ।

(४) भाषा तथा संस्कृति

❖ खाँदबारी नगर क्षेत्रमा मगर संस्कृतिको संरक्षण गर्न नेपालका प्रथम शहिद लखन थापाको शालिक र बराजु र बुढी बजुको शालिक निर्माण गरिनेछ।
❖ नेपाल तथा भारतका विभिन्न धार्मिक शत्तिपिठहरुसँग मनकामना मन्दिर क्षेत्रसँग संम्बन्ध स्थापित गर्ने अध्ययन अवलोकन गर्ने प्रवन्ध मिलाइने छ।
❖ नगरक्षेत्रभित्र बोलिने मातृभाषाहरुको संरक्षणका लागि पाठ्यपुस्तक निर्माण गरी सरोकारवालाहरुसँग सहकार्य गरिनेछ।
❖ ऐतिहासिक मनकामना मन्दिरलाई व्यवस्थित गर्न धार्मिक पर्यनट विकास गर्न गुरुयोजना कार्यान्वयनमा सहजिकरण गर्दै लगिनेछ।
❖ नगरपालिकाक्षेत्रमा रहेका ऐतिहासिक पुरातात्विक सम्पदाहरुको संरक्षण र सम्बर्धनमा जोड दिइनेछ।
❖ सबै जातजातिको ऐतिहासिक तथा साँस्कृतिक पहिचान झल्किने गरी संग्रहालय स्थापना गर्ने कार्यको थालनी गरिनेछ।

❖ दलितहरुको शिक्षा, सीप तथा क्षमता विकासका लागि छात्रबृत्ति, आयआर्जन तथा रोजगारमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

❖ अपाङ्गता भएका व्यक्तिहरुको क्षमताको आधारमा सीप विकास तथा उद्यमशीलता तालिम प्रदान गरी स्वरोजगार एवं आयआर्जनको अवसर सिर्जना गरिनेछ ।

❖ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख तथा खण्डीकृत तथ्याङ्क तयार गरी सो अनुसारका सामाजिक तथा आर्थिक उत्थानका कार्यक्रमहरु सञ्चालनको व्यवस्था गरिनेछ।

❖ महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति अल्पसंख्यक आदिलाई सबैखाले विकाससँग जोडिनेछ ।

❖ लक्षित समूह अन्तर्गत दलितहरुको हकअधिकाहरुलाई सुनिश्चित गर्न वडा तथा नगरस्तरमा संजाल तथा समूह बनाई क्षमता विकास जोड दिइनेछ ।

(६) युवा तथा खेलकुद

❖ खाँदबारी नगर क्षेत्रमा यसै बर्षबाट Swimming Pool निर्माण गर्नका लागि विस्तृत परियोजना प्रस्ताव (DPR) सहित कार्यसम्पन्न गरिनेछ ।

❖ खाँदबारी नगरपालिका क्षेत्रमा क्रिकेट मैदानका लागि जग्गा खरिद गरी विस्तृत परियोजना प्रस्ताव (DPR) तयार गरिनेछ ।

❖ सोमनाथ घिमिरे स्मृति कवर्ड हल खाँदबारीको सञ्चालनमा निजी क्षेत्रसँग सहकार्य गरी दिगो व्यवस्थापन गरिनेछ ।

❖ युवाहरुको आवाजलाई मध्यजनर गदै सार्वजनिक विकास निर्माणमा सहभागिता जनाउन युवाहरुका सङ्घ संस्थाहरुलाई अभिप्रेरित गरिनेछ ।

❖ विभिन्न खेलकुद प्रतियोगितामा छनौट भएका खेलाडीहरुको क्षमता अभिवृद्धि गर्न खेलाडी बन्द प्रशिक्षण अवधारण ल्याईनेछ ।

❖ नगर खेलकुद विकास समितिलाई खेलकुदको विकासमा ऐन, नियम र कार्यविधि तयार गरी थप प्रभावकारी बनाईनेछ ।

❖ छिमेकी पालिका तथा जिल्लाहरुसँग आपसी समन्वयमा खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ र अन्यन्त्र सञ्चालित प्रतियोगिताहरुमा खेलाडीको सहभागिता गराइनेछ ।

❖ क्षमता अभिबृद्धि कार्यक्रम मार्फत युवा उद्यमशीलता तथा स्वरोजगार बढाउन सङ्घ तथा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम सञ्चालन गर्दा साझेदारी नीति लिइनेछ ।

- आगामी तीन बर्षभित्र मूल सडकबाट सम्पूर्ण वडाको केन्द्रसम्म जाने सडकलाई कालोपत्रे गर्ने कार्यलाई पूर्णता दिईनेछ ।
- अन्तर पालिका, जिल्ला, प्रदेश एवम् केन्द्रीय सडक सञ्जालसँग जोडिएका सडकहरु विस्तार गरी बाहै महिना यातायातका साधन चल्न सक्ने गरी योजनाहरु तयार गरिनेछ ।
- निर्माण भएका सडकहरुको दाँयाबाँया पहिरो नियन्त्रणका लागि बृक्षारोपणको कार्यलाई प्रभावकारी बनाइनेछ ।
- प्रदेश तथा संघीय सरकारबाट नगरक्षेत्रभित्र कार्यान्वयन हुने आयोजनाहरुको गुणस्तर, लागत र समय समेतको अनुगमन नगरपालिकाबाट समेत हुने व्यवस्था गर्न सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।
- नगरपालिकाक्षेत्रभित्रका महत्वपूर्ण सडकहरुको निर्माण पूर्व सर्भे, ड्रइङ, डिजाइन, लागत अनुमान र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सो को आधारमा मात्र सडक निर्माण कार्य गरिनेछ ।
- सडकहरु मर्मत सम्भार गर्ने कार्यमा स्थानीय समुदायलाई परिचालन गरिनेछ ।
- ठुला पूर्वाधारका योजनाहरुको ढिलो ठेक्का बन्दोबस्त हुँदा समयमै शसर्त र समपुरक बजेट खर्च हुन नसकि नगरपालिकामा बढेको ठुलो दायित्व न्यून गर्न आगामि आ.व. मा सम्पूर्ण ठेक्का कात्तीक मसान्त भित्र सम्झौता गरिसकिनेछ ।

### (१) यातायात पूर्वाधार विकास

- नगरका मुख्य बजार क्षेत्रमा पार्किङ्ग स्थल तोकि अव्यवस्थित पार्किङ्गलाई व्यवस्थित गरिनेछ ।
- निजी क्षेत्रको साझेदारीमा सञ्चालन भएको खाँदबारी बसपार्कलाई अझ व्यवस्थित र सुविधासम्पन्न बनाउदै लगिनेछ ।
- नगरक्षेत्रभित्र प्रवेश गर्ने यातायातका साधनहरुबाट लिने सरसफाई शुल्कलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- बसपार्कका लागि प्राप्त भएका जग्गाहरुलाई वसपार्क बनाउन थालिनेछ साथै ठेक्का सम्झौता भएका बसपार्क निर्माणलाई तिव्रता दिइनेछ ।
- यातायात व्यवसायीहरु तथा अन्य निजी सङ्घ संस्थाहरुसँग समन्वय र सहकार्य गरी नगरपालिका क्षेत्रभित्र सर्वसुलभ, नियमित, भरपर्दो र सुरक्षित यातायात सेवाको सुनिश्चितता गरिनेछ ।
- महिला, बालबालिका, विरामी, असहाय, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री यातायात सेवा सञ्चालनका लागि पहल गरिनेछ।
- जिल्ला ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरी सडक दुर्घटनालाई न्यूनीकरण गर्न आवश्यक सुरक्षा उपायहरु अवलम्वन गरिनेछ।

### (२) भवन, आवास तथा सहरी विकास

- खाँदबारी नगरपालिकाको केन्द्रमा सुविधासम्पन्न नगर सभा गृह क्रमागत रुपमा सम्पन्न गरिनेछ ।

- ❖ नगरपालिका क्षेत्रभित्रका मुख्यमुख्य बजार तथा चोकहरु तथा वडा कार्यलयहरुमा भरपर्दो रुपमा निःशुल्क WIFI जडान विस्तार गरिनेछ ।
- ❖ डिजिटल नगर प्रोफाईललाई अपडेट तथा अपग्रेड गरी नगरपालिकाको वस्तुस्थिति तथा ऐतिहासिक दस्तावेजहरु अन्य विवरणलाई समयसापेक्ष बनाउदै लगिनेछ ।
- ❖ वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको ईन्टरनेट नेटवर्कलाई थप आवश्यक सुदृढीकरण गर्दै लगिनेछ ।
- ❖ केन्द्रिकृत सिफारिस तथा प्रमाण-पत्र व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याईनेछ ।
- ❖ एकीकृत विद्युतीय सुशासन प्रणालीको विकास गरी प्रयोगमा ल्याईनेछ ।
- ❖ कार्यालयबाट प्रदान गरिने सेवाहरुमा टोकन प्रणाली तथा दर्ता चलानीलाई डिजिटलाइजेसनका लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ ।
- ❖ नगरपालिकाको सम्पुर्ण शाखा तथा वडा कार्यालयहरुमा सिसि-क्यामेरा जडान गरी सार्वजनिक सेवालाई थप पारदर्शी बनाईनेछ साथै जिल्ला प्रहरी कार्यलयको सहकार्यमा नगरका संबेदनशील क्षेत्रहरुमा सिसि क्यामेरा जडान गरिनेछ ।
- ❖ सूचना प्रविधि शाखालाई आवश्यक भौतिक सामग्री लगायत अन्य थप जनशक्तिको व्यवस्थापन गरी नगरपालिकाको दैनिक सेवाप्रवाहलाई अझ चुस्त दुरुस्त बनाउदै लगिनेछ ।
- ❖ स्थानीय पत्रपत्रिका, रेडियो, एफ.एम., अनलाइन आदि सञ्चारमाध्यमहरुसँग आपसी सहकार्य र समन्वय गरी सञ्चार क्षेत्रको विकासमा जोड दिइनेछ ।
- ❖ नगरपालिकाका गतिविधिहरुको नागरिकबाट सुझाव तथा सरसल्लाह सामाजिक सञ्जालको माध्यमबाट पनि लिने व्यवस्था मिलाईनेछ ।
- ❖ खाँदबारी नगरपालिकाको गतिविधिलाई सञ्चारमाध्यम मार्फत प्रचारप्रसार गर्ने एक जना पत्रकारलाई पत्रकार महासङ्घको सिफारिसमा पुरस्कृत गर्ने परिपाटीको थालनी गरिनेछ ।
- ❖ सबै सञ्चारगृहहरुलाई समानुपातिक सूचना वितरणको व्यवस्था मिलाईनेछ ।
- ❖ स्थानीय सञ्चार माध्यमहरुलाई प्रभावकारी रुपमा परिचालन गर्न स्थानीय सञ्चार नीति तर्जुमा गरिनेछ ।
- ❖ नगरपालिकामार्फत खोजमूलक पत्रकारिताको प्रवर्धन गरिनेछ ।

**(च) वन, वातावरण तथा विपद् व्यवस्थापन**

वन, बातावरण र विपद् व्यवस्थापनमा दिगो रुपमा विकास गर्न यसका लागि तल उल्लिखित नीतिहरुलाई पुरा गर्न नगरबाट सञ्चालन हुने कार्यक्रमको अतिरिक्त समितिमार्फत कार्यक्रमतर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।

(१) वन तथा भूसंरक्षण

- ❖ नदी तथा खोलाहरुबाट हुने कटानलाई रोक्न तारजाली तथा बायोइन्जिनियरिङ्गलाई प्राथमिकता दिइनेछ ।

(५) विपद् व्यवस्थापन

- ❖ विपद्जन्य घटनाहरुबाट पिडीतलाई तत्काल राहत दिनको लागि आवश्यक सामग्रीहरु खरीद गरी तत्काल उद्दार तथा राहतका कार्यमक्रम सञ्चालन गरिनेछ ।
- ❖ हरेक वडामा विपद् जोखिम व्यवस्थापनका लागि न्यूनतम रुपमा आवश्यक पर्ने सामग्रीहरु सहित विपद जोखिम व्यवस्थापन केन्द्र  निरन्तरता दिइनेछ ।
- ❖ विपद् जोखिम न्यूनीकरणमा सुरक्षा निकायसँग समन्वय गरी विपद सुरक्षित तालिम सञ्चालन गरिनेछ ।
- ❖ विषद्का कारण हुनसक्ने क्षतिलाई घटाउन आवश्यक पर्ने त्रिपाल तारजाली, ह्यूमपाईप जस्ता सामाग्रीको खरिद गरी भण्डारण गरिनेछ ।
- ❖ नेपाल रेडक्रससँगको सहकार्यमा विपद् व्यवस्थापन सम्बन्धी विभिन्न गतिविधिहरु सञ्चालन गरिनेछ ।

(६) वारुण यन्त्र सञ्चालन

- ❖ खाँदबारी नगरपालिकामा रहेका दमकललाई चुस्तदुरुस्त राखी सञ्चालन गर्ने व्यवस्था मिलमईनेछ ।
- ❖ नगरपालिकामा रहेका दकलहरुमध्ये एक थान घनावस्ति र शहरीकरणका कारण तुम्लिङ्गटारबाट सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

(छ) सुशासन तथा संस्थागत विकास

सुशासन तथा संस्थागत विकासमा क्षमता अभिवृद्धि गरी तल उल्लिखित नीतिहरुलाई पुरा गर्न कार्यक्रमतर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।

(१) मानव संसाधन विकास

- ❖ खाँदबारी नगरपालिकाको मौजुदा कर्मचारी संरचनालाई पुनरावलोकन गरी कार्यबोझ, कार्यप्रकृति, आन्तरिक आवश्यकता र राजस्व क्षमताका आधारमा ONM Survey गरी पुनरावलोकन गरिनेछ ।
- ❖ नगरपालिकामा करार सेवामा  कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्नका लागि सबै करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषको सुरक्षा योजनामा आवद्ध गरिनेछ ।
- ❖ बढ्दो बेरोजगारी समस्या हटाई "समृद्ध खाँदबारी" नगरपालिका निर्माणका लागि Basic तथा Advance सीपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरण भई आएका रोजगारी सिर्जना गर्ने सम्बन्धी कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- ❖ नगरभित्रका असँगठित मजदुरहरुलाई सँगठित गरी सूचीकरण गर्ने र उनीहरुलाई रोजगारीको अवसर सृजना गर्न मद्दत गरिनेछ ।

- नगरपालिका कार्यालय परिसरमा मजदुरहरुका लागि श्रम डेक्स स्थापना गरी श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा सूचीकृत गराउन सहजीकरण गर्ने कार्यविधि तयार गरिनेछ ।
- खाँदवारी नगरपालिकाभित्र रहेका रोजगारदाता संस्थाहरुको लगत सङ्कलन गरी रोजगार सेवा केन्द्रको सूचना प्रणालीमा प्रविष्ट गरिनेछ ।
- गरिबी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरकार्यपालिका र अन्तर्गतका निकायहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा मात्र निरन्तरता दिईनेछ ।
- आवधिक नगर बिकास योजना, दिगो विकासका लक्ष्यसँग बार्षिक बजेट तथ विकास योजना बीच तादाम्यता स्थापित गर्न मध्यकालीन खर्च संरचना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
- नगरपालिकाको पहिलो आवधिक योजना समाप्त भएको हुनाले दोस्रो आवधिक योजना(२०८३/०८४-२०८८/०८९) तर्जुमा यसै आ.व. मा तयार गरिनेछ ।

(२) संस्थागत क्षमता विकास

- खाँदबारी नगरपालिका र भगिनी सम्बन्ध कायम भएको अमेरिका स्थित सुपेरीयर सीटिबीचको सम्बन्धलाई थप प्रभावकारी बनाउदै सहयोग आदानप्रदानको क्षेत्रमा अभिवृद्धी गरिनेछ।
- जवाफदेहिता एवम् पारदर्शिता अभिवृद्धिका लागि क्षतिपूर्ति सहितको नागरिक बडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरुलाई अभ्यासमा ल्याइनेछ ।
- सूचना तथा अभिलेख केन्द्र स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।
- वडावाट प्रवाह गरिने सार्वजनिक सेवामा सहज पहुँच अभिवृद्धिका लागि वडाहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।
- न्यायिक समितिबाट भएका मेलमिलाप तथा फैसलाहरुलाई संबन्धीत निकायहरुमा कार्यन्वनका लागि पठाउने प्रबन्ध मिलाइनेछ ।
- वार्षिक खरिद योजना बनाउदै सार्वजनिक खरिदलाई पारदर्शिता, ई–विडिङ्ग तथा प्रक्रियागत ढङ्गवाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र सुरक्षित नागरिक आवास कार्यक्रमलाई परिणाम मुखि बनाउन आवश्यक प्रबन्ध मिलाईनेछ ।
- खाँदबारी नगर कार्यपालिका र अन्तर्गतका कार्यालयका कर्मचारीहरुबाट सेवाग्राहीले मुस्कानसहितको सेवा पाउने व्यवस्था गरिनेछ ।

- ❖ नगरपालिकाबाट प्रवाह हुने सेवा प्रवाहको बारेमा जानकारी गराउने उदेश्यले विद्युतीय नागरिक बडापत्र राखीसेवाग्राहीलाई सहज तथा सेवा प्रवाह छिटो र छरितो बनाईनेछ।
- ❖ खाँदबारी नगरपालिकाका सम्पूर्ण नागरिकहरुलाई पहिलो पटक नागरिकता लिनका लागि सिफारिस दस्तुर निःशुल्क गरिनेछ।

(१०) नागरिक सन्तुष्टि सर्वेक्षण

- ❖ खाँदबारी नगरपालिकाले उपलब्ध गराउने सेवाको सम्बन्धमा सेवाग्राहीहरुको सन्तुष्टिको अवस्था मापन गरी नागरिक सन्तुष्टि सर्वेक्षणबाट प्राप्त नतिजाको आधारमा सेवाप्रवाहमा सुधार ल्याईनेछ।

(११) अन्तर निकाय समन्वय

- ❖ खाँदबारी नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका कार्यहरु गर्दा संघीय सरकार, प्रदेश सरकार तथा अन्य पालिका तथा निकायहरुसँग आवश्यक समन्वय गरी सस्थागत सुशासान कायम गर्न, सेवाप्रवाहमा प्रभावकारिता र सरलता विकास गर्ने नीति अङ्गिकार गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

आगामी आ. व. का लागि खाँदबारी नगरपालिकाले बजेटको सिमा र परिधीलाई ध्यानमा राख्दै महत्वपूर्ण नगर गौरवका योजनाको रुपमा केही गौरवका आयोजनाका रुपमा प्रस्तुत गर्न लागेको छ। यी आयोजनाहरुको निर्माणले समग्र नगरक्षेत्र मात्र नभई देशकै नमूना योजनाको रुपमा विकास गर्न सकेमा कोशेढुङ्गा सावित हुने आशा लिएको छ। यी आयोजनाका लागि नगरपालिकाको तर्फबाट ड्रइङ डिजाइनिङ तथा कार्यान्वयनमा सहजीकरण गरिनेछ।

- ❖ सुविधासम्पन्न सभागृह निर्माण,
- ❖ स्विमिङ पुल निर्माण,
- ❖ खाँदबारी संग्रहालय निर्माण,
- ❖ खाँदबारी क्रिकेट रङ्गशाला निर्माण,
- ❖ मनकामना मन्दिर,
- ❖ खाँदबारी नगरभित्र सपिङ्ग कम्प्लेक्स निर्माण,
- ❖ खाँदबारी टुँडिखेल बजारलाई व्यवस्थापन।

नगरसभाका सदस्यज्यूहरु,

यस नगरसभामा पेश गरिएको यो नीति तथा कार्यक्रम उपर छलफल गरी पारित गर्ने कार्यमा नगरसभामा सदस्यज्यूहरुको सकृय र संचनात्मक सहभागीता हुनेछ । नगरबासी दाजुभाई तथा दिदीबहिनीहरुले पारित भएको नीति तथा कार्यक्रमलाई लागू गर्न सकृय सहभागीता हुनेछ भन्ने आशा लिएको छु साथै नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु प्रति यो नीति तथा कार्यक्रम तयार पार्न दिनुभएको सुझाबहरु प्रति आभार प्रकट गर्दै पारित भएका नीति कार्यक्रम कार्यन्वयनका लागि कर्मचारी प्रति आग्रह गर्दछु । यस नीति तथा कार्यक्रम तयार पार्ने सम्बन्धमा सम्पूर्ण कार्यपालिका सदस्यहरु प्रति धन्यवाद दिंदै पूर्ण कार्यन्वयन गरी उकृष्ट नतिजा हसिल गर्ने सन्दर्भमा सदा अग्रसर हुनुहुनेछ तथा यसमा सबै क्षेत्र तथा निकायहरुको सहयोग हुनेछ भन्ने आशा लिएको छु ।

अन्तमा खाँदबारी नगरपालिकालाई उपमहानगरपालिका बनाउन आवश्यक पूर्वाधार एवं मापदण्ड पूरा गर्नेतर्फ प्रयत्नशील रही यसका लागि सम्पूर्ण राजनैतिक दल, नागरिक समाज र आमसरोकारवाला निकायसँग सहकार्य र समन्वय गरी उपमहानरपालिका निर्माण गर्न पहल गरिनेछ ।

धन्यवाद् ।

महेश थपलिया
नगर प्रमुख
खाँदबारी नगरपालिका

❖ कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ र निर्धारित आधारभन्दा पनि न्यून सम्पादन भएका कर्मचारीहरुलाई दण्ड, सजाय गरिनेछ। यसका लागि कार्यसम्पादन कार्यविधि निर्माण गरिनेछ।

❖ न्यायिक समिति तथा ११ वटै वडामा रहेका मेलमिलापकर्ताहरुको व्यवस्थापन र क्षमता विकासमा जोड दिइनेछ।

❖ स्थानीय तथासंस्थागतक्षमता स्वमुल्याङ्कन विधिलाई पूर्णरुपमा लागू गरिनेछ।

❖ बार्षिक खरिद गूरुयोजना र बार्षिक खरिद योजना स्वीकृत गरी सार्वजनिक खरिदलाई प्रतिस्पर्धी, प्रक्रियावद्ध, पारदर्शी र जवाफदेहि बनाउन वडा भित्रका एकै प्रकृतिका कार्यलाई प्याकेज बनाई बोलपत्रमार्फत खरिद गरिनेछ।

(३) राजस्व परिचालन

❖ नगर क्षेत्रमा सञ्चालित आयोजनाका क्रसरहरुलाई करको दायरामा ल्याईनेछ।

❖ आन्तरिक श्रोत परिचालनका लागि राजस्व सुधार कार्ययोजना तयार पारी नगरपालिकाको आन्तरिक आय श्रोतमा वृद्धि ल्याइनेछ।

❖ राजस्व परामर्श समितिबाट प्राप्त सुझावको आधारमा आन्तरिक राजस्व प्रणालीलाई सुधार गरिनेछ।

❖ आन्तरिक आम्दानीलाई पारदर्शी र करदातामैत्री बनाउन वडा तहसम्म राजस्व साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

❖ राजस्व वृद्धिका नयाँ क्षेत्रहरु पहिचान गरी करको दररेटलाई सक्दो न्यून बनाउने र दायरालाई फराकिलो बनाइनेछ।

❖ जमिन वा भौतिक संरचनाको मूल्याङ्कन मापदण्ड र विधिलाई सडक पहुँच र उपयोगको आधारमा व्यवसायिक, आवासीय, कृषि र अन्य जमीन गरी वर्गिकरण गरी मूल्यमा आधारित सम्पतिकर प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ।

❖ सङ्खुवासभा उद्योग वाणीज्य सङ्घ तथा चेम्बर अफ कमर्ससँग व्यवसाय दर्ता, नवीकरण र व्यवसायकर उठाउने कार्यमा सहकार्य र साझेदारी गरिनेछ।

❖ नगरक्षेत्र भित्र रहेका टेलिफोन टावरहरु निजीक्षेत्रबाट सञ्चालित ईन्टरनेट प्रदायक संस्थाहरुलाई करको दायरामा लाईनेछ।

❖ सम्भावित करदाताहरुको पहिचान गर्दै कर शिक्षा कार्यक्रमहरु सञ्चालन गरी कर तिर्ने अभ्यासलाई प्रोत्साहन गरिनेछ साथै सबैभन्दा बढी कर तिर्ने तीनजनासम्म करदातालाई बार्षिक रुपमा सम्मान गरिनेछ।

❖ नगरपालिकाको चल अचल सम्पत्तिहरु परिचालन गरी सेवा शुल्क सङ्कलन गरिनेछ।

- ❖ नगरपालिकामा करदाताले तिर्नु बुझाउनु पर्ने राजस्व रकम Online प्रविधिबाट तिर्न बुझाउन पाउने व्यवस्था मिलाईनेछ ।
- ❖ नगरपालिकामा सञ्चालित निजी विद्यालयलाई करको दायरामा ल्याईनेछ ।
- ❖ घरवहालकरको हकमा उपयोगको आधारमा कर दर कायम गरी वास्तविक वहाल रकम स्वयम् घोषणा गर्न पाउने सम्बन्धमा आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ।

(४) वित्तीय व्यवस्थापन

- ❖ सेवाप्रवाहको लागि आवश्यक न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चमा कटौती गरिनेछ ।
- ❖ आर्थिक कार्य प्रणालीलाई चुस्त र दुरुस्त बनाई प्रविधिको प्रयोगबाट वित्तीय सूशासन कायम गरिनेछ ।
- ❖ वित्तीय पारदर्शिताका लागि कार्यालयको मासिक आय र खर्च विवरण सार्वजनिक गरिनेछ ।

(५) सार्वजनिक सुनुवाई

- ❖ खाँदबारी नगरपालिकाको सेवाप्रवाह तथा विकास निर्माणमा नगरवासीको अपनत्व र स्वामित्व सहित नागरिक निगरानी तथा जानकारीका लागि वडास्तरीय, नगरस्तरीय सार्वजनिक सुनुवाइको आयोजना गरिनेछ ।
- ❖ नगरपालिकाले उपभोक्ता समिति मार्फत गरेका सबै खाले विकास निर्माणका कामहरुको भुक्तानी पूर्व सार्वजनिक सुनुवाई गराउनुपर्ने व्यवस्थालाई थप प्रभावकारी र अनिवार्य गरिनेछ ।

(६) सामाजिक परीक्षण

- ❖ खाँदबारी नगरपालिकाले गरेका विकास निर्माण लगायतका कामहरुको सामाजिक परीक्षण गराउने व्यवस्था मिलाईनेछ ।

(७) आन्तरिक र अन्तिम लेखापरीक्षण

- ❖ नगरपालिकाको आन्तरिक लेखा शाखालाई चुस्तदुरुस्त बनाई उपलब्ध जनशक्तिको क्षमता विकास गरी आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाइने छ ।
- ❖ खाँदबारी नगरपालिकाको अन्तिम लेखा परीक्षण हुनुभन्दा अगाडी नै आन्तरिक लेखा परीक्षणको काम सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

(८) बेरुजु फछ्यौंट

- ❖ महालेखा परिक्षकको प्रतिवेदनको आधारमा विगत वर्षहरुका औल्याईएका बेरुजु रकमहरुलाई यथाशीघ्र फछ्यौंट गर्ने व्यवस्था मिलाई आगामी दिनहरुमा बेरुजु न्यून गर्नेतर्फ विशेष ध्यान दिइनेछ ।

(९) सेवाप्रवाहका मापदण्ड निर्धारण

- ❖ वन डढेलो रोकथामका लागि प्रचारप्रसार गर्ने र केही सामुदायिक वनमा पानी पोखरी निर्माणको व्यवस्था मिलाईनेछ ।
- ❖ ढोलबाजे जंगलको घेराबाराभन्दा बाहिरको सार्वजनिक जग्गालाई नगरपालिकाले संरक्षण तथा सदुपयोग गरिनेछ ।
- ❖ नगरक्षेत्रका वनजंगलहरुको उचित संरक्षण कार्य सामुदायिक वन उपभोक्ता महासङ्घ नगर कार्य समितिसँग समन्वय गरी अघि बढाइनेछ ।
- ❖ नगरपालिकाक्षेत्रभित्रका ऐतिहासिक,धार्मिक वनहरुको संरक्षणमा जोड दिइनेछ ।
- ❖ खाँदबारी नगरपालिकाको भू-संरक्षण सम्बन्धमा आवश्यक ऐन तथा विधि बनाई लागु गरिनेछ ।
- ❖ वन, वातावरण, तथा भूसंरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस मनाउदै तिनीहरुको संरक्षणका निमित्त योजना निर्माण गरिनेछ ।
- ❖ हरित सडक निर्माणका लागि सडकको क्षेत्रभित्र विभिन्न कार्यालयहरुको समन्वयमा वृक्षारोपण गरिनेछ ।

(२) जलवायु परिवर्तन

- ❖ जलबायु परिवर्तनले विश्वव्यापी पारेको प्रभावलाई न्यूनीकरण गर्न आवश्यक ऐन कानुन निर्माण गरी लागु गरिनेछ ।
- ❖ जलबायु परिवर्तनको असरले पारेका प्रभावहरुको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(३) फोहरमैला व्यवस्थापन

- ❖ खाँदबारी नगरक्षेत्रभित्रको फोहरमैलाको नियमित सङ्कलन तथा व्यवस्थापनको लागि निजी क्षेत्रलाई हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ निजी क्षेत्रको सहकार्यमा प्लास्टिकमुक्त नगरघोषणा गर्न कार्यक्रमहरु तय गरिनेछ ।
- ❖ फोहरमैलाको उचित व्यवस्थापनको लागि नागरिकलाई सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ खाँदबारी नगरपालिका वडा नं. ९ मा रहेको ल्यान्डफिल साईटलाई थप व्यवस्थित गर्ने र फोहर लैजानको निमित्त बाह्रै महिना सवारीसाधन सञ्चालनको निमित्त सडकको सुधार गरिनेछ ।
- ❖ मापदण्ड विपरीतका प्लास्टिकजन्य सामाग्रीहरु प्रयोगमा निरुत्साहित गर्न उद्योग बाणिज्य सङ्घ तथा चेम्बर अफ कमर्श लगायतका निजी क्षेत्रसँग सहकार्यका लागि आवश्यक प्रकृया मिलाइनेछ ।

(४) जल उत्पन्न प्रकोप

- ❖ अरुण नदी, सभाखोला तथा माल्टा खोलाका धारहरु वर्षेनी परिवर्तन हुने कामलाई रोकथाम गर्न विशेष योजनाहरु सञ्चालन गरिनेछ ।
- ❖ नगरक्षेत्रभित्र भएर बहने नदी तथा खोलाहरुको किनार क्षेत्रमा मानववस्ति बस्न निरुत्साहित गरिनेछ ।

❖ शिलिचोङ्ग पहिरोपीडितहरुलाई पुनर्स्थापना गरिएको खाँदबारी नगरपालिका वडा नं. ७ मा रहेका पुनर्स्थापित वस्तिलाई नगरको नमूना वस्तिको रुपमा विकास गर्न जोड दिईनेछ ।

❖ भवन तथा बस्तीहरुमा भुकम्पीय जोखिम न्यूनीकरण गर्नका लागि माटो परीक्षण कार्यक्रम अगाडी बढाइनेछ ।

❖ भवननिर्माण आचारसंहिता तथा न्यूनतम मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

❖ नगरपालिकाबाट निर्माण हुने भवनहरु बालमैत्री, अपाङ्गमैत्री, महिला तथा जेष्ठ नागरिकमैत्री बनाउन जोड दिइनेछ ।

❖ संघीय तथा प्रादेशिक कानूनको अधीनमा रही सार्वजनिक निर्माण सुरक्षित तथा बजार सम्बन्धी नीति, कानून, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।

❖ शहरीकरण भएका वडाहरुमा रहेका सार्वजनिक हाटबजार शौचालय व्यवस्थापन गर्न टोल विकास संस्थाहरुसँग सम्झैता गरी कार्यन्वयन गरिनेछ ।

❖ घर नक्सापास गर्न विद्युतीय नक्सा प्रणालीको सुरुवात गरिनेछ ।

(घ) विद्युत तथा वैकल्पिक उर्जा

❖ जिल्लाका विभिन्न नदी तथा खोलाहरुबाट उत्पादित विजुली खाँदबारी नगरपालिका क्षेत्रभित्र विस्तार तथा निर्माण हुँदा राष्ट्रिय नीति कानून र स्थानीय वस्तुस्थितिलाई आधारमानी सकेसम्म नागरिक मैत्री मुआब्जा निर्धारणको नीति लिइनेछ।

❖ नाङ्गो विजुलीको तारको सट्टामा एविसी केवलहरु एवम् ओभरहेड तथा अन्डरग्राउण्ड गर्नका लागि सम्बन्धी निकायमा पहल गरिनेछ ।

❖ खाँदबारी नगरपालिकाका मुख्य मुख्य सडक तथा बजार क्षेत्रमा नगरपालिका र उपभोक्ताको लागत साझेदारीमा सौर्यवत्ती जडानको कार्यलाई निरन्तरता दिइनेछ ।

❖ गोबर ग्याँस धुँवा रहित चुलो निश्चित प्रतिशतमा अनुदान उपलब्ध गरिनेछ ।

❖ विद्युत विस्तारका क्रममा नगरपालिका क्षेत्रभित्रका विभिन्न वडाहरुमा रहेका काठका पोलहरु हटाउन नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ ।

❖ नगरक्षेत्रमा प्रसारण लाइन मार्फत सव स्टेशनसम्म जोडिने जलविद्युत आयोजनाहरुलाई नगर क्षेत्रमा प्रसारण लाइन निर्माणको लागि अनुमति लिने व्यवस्था मिलाइनेछ साथै सामाजिक उत्तदायित्व अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न सहकार्य गरिनेछ । यस्ता आयोजनाहरुलाई करको दायरामा ल्यानइनेछ ।

(ङ) सञ्चार तथा सूचना प्रविधि

- खाँदबारी नगरपालिका वडा नं. ४ पांमामा रहेको भगिवन्त रङ्गशाला विस्तारको लागि पुन थप जगा प्राप्ति कार्य अगाडि बढाईनेछ साथै वडा नं. १० र ११ मा खेलमैदानको जगा प्राप्ति कार्य सम्पन्न गरिनेछ ।
- विद्यालय तहदेखि नै खेलकुदको विकासका लागि विद्यालयस्तरीय रनिङ्‍ शिल्ड तथा एथलेटिक्स खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- खेलकुदसँग सम्बन्धित सङ्घसंस्थाहरुसँग सहकार्य र समन्वय गरी विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।
- प्रचलित कानूनबमोजिम दर्ता भएका क्लब तथा सङ्घसंस्थाहरुलाई खेलकुद कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग गरिनेछ।
- नगरभित्रका उत्कृष्ट खेलाडी तथा सङ्घसंस्थाहरुलाई सम्मान गरिनेछ।
- राष्ट्रिय तथा प्रदेशस्तरीय खेलकूद प्रतियोगिताहरुमा सहभागी हुन जाने खेलाडीहरुलाई आवश्यक सहयोग गरिनेछ ।
- नगरमा खेलकुदको दीगो व्यवस्थापनका लागि सुविधा सम्पन्न कभर्डहलको विकासलाई प्राथमिकता दिइनेछ।
- एक वडा एक खेलमैदान तथा रङ्गशाला निर्माणको लागि आवश्यक पहल गरिनेछ।
- सफा र सुन्दर खाँदबारी नगर निर्माणमा युवाहरुलाई परिचालन गरिनेछ।

### (ग) पूर्वाधार विकास

संघीय तथा प्रदेश सरकारबाट प्राप्त भएको शसर्तका कार्यक्रम बाहेक नगरपालिकाको आन्तरिक रुपमा पूर्वाधार विकासको क्षेत्रमा लिइएका नितीहरुलाई पुरा गर्न अन्य कार्यक्रमका अतिरिक्त पूर्वाधार विकास समितिमार्फत कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- नेपाल सरकारको समपुरक अनुदानबाट सञ्चालित हुने आयोजनाहरु तथा सडकबोर्ड नेपालको साझेदारीमा हुने सडक निर्माण तथा मर्मत कार्यको लागि नगरपालिकामा समपूरक कोषको व्यवस्था गरिनेछ।
- प्रत्येक वडालाई समेट्ने गरी रिङ्गरोडको अवधारणालाई पूर्णता दिदै लगिनेछ।
- भवनहरुको विधुतीय नक्सा प्रणाली लागु गरिनेछ।
- नगरपालिका भित्रका सबै सडकहरुको नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गर्ने कार्यको प्रारम्भ गरिनेछ।
- खाँदबारी नगरपालिकाका सार्वजनिक हाट लाग्ने स्थानमा बजार व्यवस्थापन गर्न नगर विकास कोषको सहयोगमा बजार व्यवस्थापन गरिनेछ।
- नगरभित्रका गौरवका आयोजनाहरुको स्तरोन्नतिको काम गरी थप गौरवका पूर्वाधारहरु सुरुवात गरिनेछ।
- अत्यावश्यक बाहेक सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै हाल रहेका सडकहरुलाई बाह्रै महिना सवारीसाधन सञ्चालन हुने गरी स्तरोन्नति गरिनेछ।

- ❖ परम्परागत, मौलिक एवं लोपोन्मुख कला, सँस्कृति, भाषा र साहित्यको संरक्षण सम्बर्धनका लागि संरक्षणमुखी कार्यक्रमहरु सञ्चालनमा जोड दिईनेछ ।
- ❖ अरुण बरुण मनकामना मोक्षघाटलाई थप व्यवस्थित बनाइनेछ साथै अन्य जातीय पहिचान रहेको शवदाहस्थलहरुको विकासमा सहजीकरण गरिनेछ ।
- ❖ नगरपालिकाभित्र रहेका विभिन्न जातजाति, धर्मसंस्कृति, भेषभूषा, परम्पराको संरक्षण तथा प्रबर्द्धन गरिनेछ ।
- ❖ नगरक्षेत्रभित्र संस्कृति जोडिएका मेला, पर्वलाग्ने स्थानहरु, देवालयहरुको विकासमा सहयोग गरिनेछ साथै सोको महत्व कायम राख्न आवश्यक ठानिएको दिनहरुमा सार्वजनिक बिदा समेत दिने व्यवस्था मिलाईनेछ ।

(५) लैङ्गिक समानता तथा सामाजिक विकास र समावेशीकरण

- ❖ वडा र नगरस्तरीय सञ्जाल निर्माण गरी एकल महिलाहरुको हक अधिकार तथा क्षमता अभिवृद्धी तथा संस्थाको भौतिक पूर्वाधार सुधार गर्न आवश्यक निती तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको सुविधालाई ध्यानमा राखी बैङ्कसँग समन्वय गर्दै वडाहरुमा नै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ जन्म, मृत्यु जस्ता ब्यक्तिगत घटनाहरु दर्ता गर्नको लागि आगामी आ. व. देखि नागरिकहरुको घरदैलोमा नै गई सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- ❖ खाँदबारी नगरपालिका वडा नं. ९ को मनकामनाधाम क्षेत्रमालोकगायक खेमराज गुरुङ्ग, विदुषी योगमाया लगायत सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पऱ्याएका व्यक्तिहरुको शालिक निर्माण गरी पहिचान दिइनेछ ।
- ❖ महिलाको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरुको संस्थागत क्षमता विकास र नीति निर्माणको तहमा उचित प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।
- ❖ लैङ्गिक हिंसाबाट पिडित महिलाहरुको उचित संरक्षण र न्यायको लागि सेवा केन्द्र स्थापना, सञ्चालन र मनोसामाजिक विमर्शका लागि सम्बन्धित सङ्घसंस्थाहरुसँग साझेदारी तथा समन्वय गरिनेछ ।
- ❖ अति बिपन्न नागरिकका छोराछोरी तथा एकल महिलाका सन्ततीहरुका लागि छात्रवृत्तीको व्यवस्था गरिनेछ ।
- ❖ बाल अधिकारको सुनिश्चितताका लागि बालबालिकाको पहिचान, विकास, संरक्षण र सहभागिताका क्षेत्रमा संघीय तथा प्रदेश सरकार र बालबालिकासँग सम्बन्धित रहेर काम गर्ने सङ्घ संस्थाहरुसँग सहकार्य र समन्वय गर्दै आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ खाँदबारी नगरपालिकालाई बालश्रममुक्त नगर घोषणा गर्ने कार्यक्रमहरु अगाडी बढाईनेछ ।
- ❖ आदिवासी जनजातिहरुको पहिचान सहितको अधिकार सुनिश्चित गर्ने अवसर सिर्जना गर्न विभिन्न सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ समाजमा व्याप्त विकृति, विसंङ्गति, छुवाछुत र भेदभावजन्य कृयाकलापहरु न्यूनीकरण गर्दै सभ्य र सुसंस्कृत समाजको स्थापना गर्न विभिन्न कृयाकलापहरु सञ्चालन गरिनेछ ।

- ❖ मृगौलाका बिरामीहरुलाई हेमो डायलाईसिस सेवा उपलब्ध गराउन खाँदबारी अस्पताललाई आवश्यक सहयोग गरिनेछ।
- ❖ नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय सेवा पाउने गरी भौतिक पूर्वाधारमा सुधार तथा स्वास्थ्यकर्मीहरुलाई तालिमको उचित प्रबन्ध मिलाईनेछ।
- ❖ निःशुल्क रुपमा प्रदान गर्ने भनी नेपाल सरकारद्वारा तोकिएका औषधिहरु गुणस्तयुक्त तथा समयमा नै सबै स्वास्थ्य संस्थाहरुमा उपलब्ध हुने व्यवस्था मिलाईनेछ।
- ❖ तेजरत्न आँखा उपचार केन्द्र खाँदबारीलाई आँखा शल्यक्रिया उपचार कक्ष निर्माणको लागि आवश्यक पहल गरिनेछ।
- ❖ नेपाल रेडक्रस सोसाइटी र खाँदबारी अस्पतालसँग सहकार्य गरी ब्लड बैंक स्थापनामा सहयोग गरिनेछ।
- ❖ अल्पकालीन आश्रयकेन्द्र (सेफहाउस) सञ्चालनका लागि आवश्यक सहयोग गरिनेछ।
- ❖ सरोकारवाला निकायहरुसँग समन्वय गरी मानसिक रोग भएका बिरामीहरुलाई मानसिक स्वास्थ्य उपचार सेवा प्रदान गर्न नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मी तथा अन्य सम्बन्धित निकायहरुलाई तालिम दिई परिचालन गरिनेछ ।
- ❖ पोषणको क्षेत्रमा अन्तरक्षेत्रीय समन्वयको आधारमा गुणस्तरीय एवं स्वस्थ खाद्य पदार्थको पहुँच र प्रयोगलाई विस्तार गरी कुपोषण न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ विपद्‌जन्य घटनाबाट हुनसक्ने चोटपटकका कारण अपाङ्गता हुने र मृत्युदरमा भैरहेको वृद्धिलाई रोकथाम र शीघ्र उपचारको व्यवस्था गर्न एम्वुलेन्स सेवालाई प्रभावकारी रुपमा विस्तार गरिनेछ।
- ❖ स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको प्रयोगलाई व्यवस्थित बनाई स्वास्थ्यसँग सम्बन्धित तथ्याङ्कहरुको गणुस्तर र विश्वसनीयतामा बृद्धि गरिनेछ।
- ❖ विपन्न नागरिक तथा दीर्घरोग लागि ठूलो धनराशी खर्च भई पीडित भएका विरामीहरुलाई स्वास्थ्य उपचारमा सहयोग गर्न आर्थिक सहायतालाई थप व्यवस्थित बनाईनेछ।
- ❖ ज्येष्ठ नागरिकको स्वास्थ्य जाँच तथा प्राथमिक उपचारलाई सहज पहुँचमा ल्याईनेछ।
- ❖ स्वास्थ्य स्वयंसेविकाहरु मार्फत मातृ तथा बाल स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउन नगरक्षेत्रभित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पुनर्ताजगी तालिमका साथै प्रोत्साहनको व्यवस्था गरिनेछ।
- ❖ स्वास्थ्य सम्बन्धी प्राविधिक जनशक्ति उत्पादन गर्न नगरपालिकाले प्राविधिक शिक्षा सञ्चालन गर्न निजी क्षेत्रसँग सहकार्यको थालनी गरिनेछ।
- ❖ जनउपयोगी आयुर्वेद तथा योग शिक्षालाई प्रभावकारी रुपमा प्रचार प्रसार गर्न सहयोग गरिनेछ।
- ❖ नगरबासीलाई स्वास्थ्य सेवा प्रदान गर्न जिल्ला अस्पताल लगायत सङ्घ र प्रदेश अन्तर्गत रहेका अन्य स्वास्थ्य संस्थाहरुसँग स्वास्थ शिविर सञ्चालन गर्न समन्वय गरिनेछ।

❖ सामुदायिक विद्यालयबाट उच्च अंकका साथ उत्तीर्ण भएका विद्यार्थीहरुलाई नगरपालिकाको सिफारिसमा निजी तथा सामुदायिक सँस्थाहरुको कोटामा अध्ययनको अवसरलाई व्यवस्थित गरिनेछ।

❖ विद्यालयको परीक्षा सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गरिनेछ। आधारभूत तह उत्तीर्ण परिक्षालाई विश्वासनीय बनाउन अनिवार्य विषयका उत्तरपुस्तिका सङ्कलन गरी विज्ञबाट परीक्षण गरिनेछ।

❖ सरोकारवालाहरुको राय सुझाबको आधारमा स्थानीय पाठ्यक्रमको परिमार्जन गरी लागु गरिनेछ।

❖ बालबालिकाको शारिरीक मानसिक तथा बौद्धिक विकासमा सहयोग पुर्याउन योग ध्यान शिक्षाको अभ्यास गराइनेछ।

❖ खाँदबारी नगरपालिकाका सामुदायिक र संस्थागत विद्यायहरुमा अध्ययन गर्ने विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न विद्यार्थीसँग प्रत्यक्ष संबाद अन्तरक्रिया लगाएतका कार्यक्रम सञ्चालन गरिनेछ।

❖ शिक्षक तथा विद्यालय कर्मचारीलाई समयानुकुल सूचना तथा प्रविधि सम्वन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

❖ विद्यालयमा कार्यरत बालशिक्षिका तथा विद्यालय सहयोगी कर्मचारीलाई विगतमा दिइदै आएको थप अनुदानलाई निरन्तरता दिइनेछ।

❖ माध्यमिक तहमा एउटा पनि दरबन्दी नभएका विद्यालयहरुलाई गतवर्ष दिएको अनुदानलाई यथावत राख्ने प्रबन्ध मिलाइएको छ।

❖ सूचना तथा प्रविधिमैत्री विद्यालय व्यवस्थापन गर्नका लागि विद्यालयको वेभसाइड निर्माण, ICT, Virtual Class, E-library को स्थापना, इन्टरनेटको व्यवस्था, सि.सि. क्यामेरा जडान र सञ्चालनका लागि कार्यक्रम बनाई चरणबद्ध रुपमा कार्यान्वयन गर्न जोड दिइनेछ।

❖ नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापलाई शिक्षण सिकाइको अभिन्न अंगको रुपमा अबलम्बन गर्दै विद्यालयमा स्काउट, राष्ट्रिय सेवा दल, रेडक्रस सर्कल तथा बालक्लब गठनलाई निरन्तरतामा सहयोग गरिनेछ।

❖ नगर शिक्षा गुरुयोजना अनुरुप हरेक शैक्षिक सत्रमा विद्यार्थी संख्या, उपलब्ध शिक्षक संख्याको आधारमा उच्च मा.वि, मा.वि, निम्न माध्यमिक तथा आधारभूत तह,बाल कक्षा समेतको शिक्षक दरबन्दी मिलानलाई थप व्यवस्थित बनाईनेछ।

❖ विद्यालय छाडेका तथा विद्यायलय बाहिर रहेका बालबालिकाहरुलाई बैकल्पिक शिक्षाको व्यवस्थापनका लागि उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ।

❖ विद्यालय शिक्षालाई प्रभावकारी बनाई परिणामप्रति उत्तरदायी वनाउन सबै सामुदायिक विद्यालयहरुका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौता गरी उपलब्धिका आधारमा प्रोत्साहनको ब्यवस्था गरिनेछ।

❖ खाँदबारी नगरपालिकाका पर्यटकीय क्षेत्रहरुको सूचनामूलक जानकारी समेटिने गरी होटलहरुमा पर्यटकीय क्षेत्रको फोटो तथा ब्रोसर तयार गरी राख्ने व्यवस्था मिलाउन होटल व्यवसायी सङ्घसँग सहकार्य गरिनेछ ।

❖ खाँदबारी नगरपालिका क्षेत्र भित्र रहेका ५०५ सिडी, थालेडाँडा, रमिते, शहीदपार्क माल्टा, चारधारा, छहरेछाँगा, फिरफिरेडाँडा, सातधारा माल्टा लगायतमा पर्यटकीय क्षेत्रहरुको समुचितरुपमा विकास गर्न जोड दिइनेछ ।

❖ नगरको स्वमित्वमा भएको जमिनको उचित संरक्षण गर्दै दर्शने धारा क्षेत्रमा उद्यान निर्माण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

(४) जलस्रोत तथा सिञ्चाई

❖ नगरक्षेत्रभित्र रहेका ठूला खोलाहरुबाट डिप बोरिङ मार्फत चेवाबेशी, रयाले, बढेरेनी, हिगुवाबेशी र हेलुवावेशीमा सिञ्चाईको व्यवस्था गर्ने कामको थालनी गरिनेछ ।

❖ कृषि उपजको उत्पादकत्व बढाउनको लागि कृषियोग्य जमीनमा भरपर्दो सिञ्चाई सुविधा उपलब्ध गराउन विभिन्न योजनाहरु सञ्चालन गरिनेछ ।

❖ निर्माण भएका सिञ्चाई कुलोहरुको नियमित मर्मत गर्ने व्यवस्थाका लागि कुलोहरु दर्ता प्रकृयामा ल्याउन जलस्रोत समितिलाई सकृय बनाइनेछ ।

❖ बाढी र पहिरोबाट क्षती भएका सिञ्चाइ कुलोहरु मर्मतका लागि पहल गरिनेछ ।

❖ पानीका मुहानहरुको पहिचान गरी खेतीयोग्य जमिनमा सिञ्चाई सुविधा उपलब्ध गराउन आवश्यक योजनाहरु सञ्चालन गरिनेछ ।

❖ सङ्घ तथा प्रदेश सरकारको सहयोगमा निर्माण भएका सिञ्चाई आयोजनाहरुको मर्मत गर्न/गराउन सम्बन्धित निकायहरुलाई नै जिम्मेवार बनाउने नीति लिईनेछ ।

(६) पशुपन्छी विकास

❖ खाँदबारी नगरपालिकाका वडाहरुमा "एक वडा एक कृषि तथा पशुसेवा प्राविधिक" को व्यवस्था गर्न हरेक वडामा एक पशु प्राविधिक रहने गरी सङ्गठन संरचनालाई पुनरावलोकन गरिनेछ ।

❖ किसानहरुको लागतलाई सुनिचितताका लागि पशु बिमा कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ ।

❖ सङ्घ र प्रदेश सरकारको सहयोगमा पशुहरुमा कृतीम गर्भाधानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

❖ बधशाला निर्माण तथा बाख्रा लगायत अन्य पशुहरुको विकासका लागि पकेटक्षेत्र कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

❖ पशुमा लाग्ने लम्पिस्किन जस्ता महामारीजन्य रोगको नियमित स्वास्थ्य उपचारमा पशु चिकित्सक तथा प्राबिधिकहरुबाट उत्कृष्ट सेवा उपलब्ध गराईनेछ ।

❖ मासु पसल (फ्रेस हाउस) हरुलाई मापदण्ड अनुसारको स्थापना गरी सञ्चालन गर्नुका साथै नियमित रुपमा विज्ञ निरीक्षकबाट निरीक्षणको व्यवस्था मिलाईनेछ ।

नगरसभाका सदस्यज्यूहरु,

अब म आर्थिक वर्ष २०८२/ ०८३ का लागि रु. ७५ करोड ०३ लाख ८२ हजार बजेटको परिधीमा रही प्रस्तावित वार्षिक विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु । यस खाँदबारी नगरपालिकाको सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन लगायतका क्षेत्रहरुमा समुचित विकासका आधारमा अवलम्वन गर्ने मुख्य-मुख्य नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गर्दछु ।

## (क) आर्थिक विकास

आर्थिक समृद्धि बिना विकासको लक्ष्य पूरा गर्न कठिनाइ हुने भएकाले "समृद्ध खाँदबारी नगर" को नारा सहित आर्थिक समृद्धिलाई विकासको मूल आधार बनाउँदै आर्थिक विकासको क्षेत्रमा देहायबमोजिमको नीति अबलम्बन गरिनेछ। तल उल्लिखित नीतिहरु पूरा गर्न कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

### (१)कृषि तथा सहकारी

- निर्वाहमुखी कृषिलाई आधुनिकीकरण र व्यावसायिक बनाउन कृषि यान्त्रिकरण कार्यक्रमलाई अगाडि बढाईनेछ ।
- कृषि क्षेत्रलाई आधुनिक र व्यवसायिक बनाउदै समग्र कृषिक्षेत्रको उत्पादन बृद्धिमा जोड गरिनेछ ।
- जिल्लाँभित्र उत्पादन हुने कृषि उपजहरुलाई मात्र नगरपालिकाक्षेत्रभित्र लाग्ने साप्ताहिक हाटबजारमा बेचविखन हुने कृषिजन्य उत्पादनका लागि हाटकर मिनाहा गर्ने कार्यलाई निरन्तता दिईनेछ ।
- बेमौसमी फलफुल तथा तरकारीको बढवा दिन तथा हावापानी र माटो सुहाउँदो अन्नबाली उत्पादनलाई सहयोग गर्ने हेतुले भएको हाम्रो भारत भ्रमणलाई प्रतिफलदायी बनाउन बागबानी (Horticulture) का क्षेत्रमा परियोजना प्राप्त गरी उत्पादन अभिवृद्धि गरिनेछ ।
- तोरी खेती लगायत दलहन खेतीको बिस्तार गर्न किसानहरूलाई अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- किसानको लागतलाई सुनिश्चितता गर्न कृषि बाली विमाको कार्यक्रमलाई शुरुवात गरिनेछ ।
- दुग्धजन्य पदार्थ प्रशोधन तथा वितरणका लागि स्थानीय सरोकारवाला निकायहरुसँगको सहकार्यमा सहकारी मार्फत बिक्रीवितरणको व्यवस्था थालनी गरिनेछ ।
- किसानको उत्पादन किसानको प्रोत्साहन नारा सहित उत्पादित कृषि उपजलाई बजारसम्म ल्याउन सहकारी मार्फत प्रोत्साहित गरिनेछ ।
- माटो परीक्षण गरी तरकारी तथा फलफूल पकेटक्षेत्र निर्धारण गरी त्यस्तो क्षेत्रमा विशेष जोनको रुपमा विकास गरी व्यवसायिक रुपमा उत्पादन गर्ने कृषकहरुका आवश्यक आर्थिक सहयोग गरिनेछ ।
- कृषकहरुको मागलाई ध्यानमा राखी माछापालन व्यवसायलाई अभिबृद्धि गर्न सङ्घ तथा प्रदेश सरकारका कार्यक्रमहरुमा सहयोग तथा सहजीकरण गरिनेछ ।
- खाँदबारी नगर भित्र ५० मुरी भन्दा बढी धान उत्पादन गर्ने किसानहरुलाई प्रोत्साहन गरिनेछ ।

यस बर्षको नीति तथा कार्यक्रम तयार गर्ने र स्रोतको वितरण गर्ने क्रममा नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय योजना आयोगले तयार गरी कार्यान्वयनमा ल्याएको चालू आवधिक योजना, दिगो विकास लक्ष्य, कोशी प्रदेशको दोस्रो आवधिक योजना (आ.व.२०८१/०८२-२०८५/०८६) नगरपालिकाको पहिलो आवधिक योजना (२०७८/७९-२०८२/८३) र स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७९ लाई प्रमुख मार्गदर्शनको रुपमा लिईएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**नगरसभाका सदस्यज्यूहरु,**

अब म गत आ. व. मा खाँदबारी नगरपालिकाले हासिल गरेका उपलब्धिहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- खाँदबारी नगरपालिकाको रङ्गशाला निर्माण तिब्र रुपमा अगाडि बढेको,
- खाँदबारी नगरपालिका भित्रका लगभग १० कि.मि. नगरस्तरीय सडकहरु नगरपालिकाको पहलमा कालोपत्रे बनेको र अन्य सडकहरु कालोपत्रे बन्ने क्रममा रहेको,
- अरुण लिफ्टिङ्ग, रयले ढोलबाजे, गुठिटार लिफ्टिङ्को कार्य भईरहेको,
- खाँदबारी नगरपालिका क्षेत्रमा पर्ने कोशी राजमार्ग अन्तरगतको मुन्सी खोला देखि छयाङ्कुटीसम्मको लगतकट्टाको काम तिब्र रुपमा भईरहेको,
- खाँदबारी बजार क्षेत्रमा रहेको अव्यवस्थित पार्किङ्गलाई व्यवस्थित गरी बसपार्क स्थापना गरिएको,
- माङ्सिमा खानेपानीको पुनःनिर्माण तिब्र रुपमा अगाढी बढेको,
- खाँदबारी ढलको लागि जम्मा ७१ करोड रकम विनियोजन भएकोमा यस आ.व. मा ३० करोड रकम बराबरको ठेक्का सम्झौता भएको,
- मनकामना धाममा पर्यटकीय पूर्वाधार निर्माणका लागि रु. १५ करोड ३२ लाख विनियोजन भई ठेक्का लागेको,
- पिपलबोट, माझगाउँ ढुङ्गाना गाउँ सडक निर्माण,
- लिलिबर अरुनथान सडक निर्माण प्रकृया अगाढी बढेको,
- छब्बीसे पुल हेलुवाबेशी सडक निर्माण,
- तुम्लिङ्गटार बसपार्क निर्माण,
- रेवाहाङ्ग पार्कमा पारुहाङ्ग-सुम्निमाको मूर्ति स्थापना अन्तिम चरणमा रहेको,
- खाँदबारी नगरपालिका मार्फत निःशुल्क सवबाहन सञ्चालन,
- तुम्लिङ्गटार र खाँदबारी बजारमा कोल्डस्टोर सञ्चालनमा रहेको,
- फाङ्मा रङ्गशाला विस्तारका लागि जगा प्राप्ति ।